नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फयाक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं. २६१/०७५/०७६

मितिः २०७६।०१।२६

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौंधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

नेपाल बार एशोसिएसन
रामशाहपथ काठमाडौ
फोन नं ४२००८३७ फ्याक्सः ४२००८३६

## महिला तथा सिमान्तकृत वर्गका नवोदित कानूनव्यवसायीलाई व्यवसायीक क्षमता विकासको अवसरसम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७६।०१।२६)**

महिला तथा सीमान्तकृत समुहःदलित ,जनजाति, मधेशी,मुस्लिम पिछडीएका वर्ग अपाङ्गता भएका व्यक्ति तथा दुर्गम क्षेत्रवाट प्रतिनिधित्व गर्ने कानूनव्यवसायीहरुको व्यावसायिक तथा व्यवहारिक ज्ञान क्षमता विकास गरी त्यस्ता क्षेत्र तथा वर्गको न्यायमा पँहुच अभिवृद्धि गर्ने उद्देश्यले नेपाल बार एशोसिएसनले **Enhancing Access to Justice Through institutional reform project (A2J) project/UNDP** सँगको सहकार्यमा सातौ समुहको ६ महिने व्यवसायिक क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने भएकोले देहाय बमोजिमका योग्यता पुगेका इच्छुक महिला तथा सिमान्तकृत वर्गका नवोदित कानून व्यवसायीहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त पेश गर्न आब्हान गरिन्छ।

**लक्षित वर्ग**

कार्यक्रमका लागि छनौट गरिने जम्मा ३० जना नवोदित कानून व्यवसायीहरु महिला, दलित, जनजाति, मधेशी, मुस्लिम, पिछडिएका वर्ग, अपाङ्गता भएका व्यक्ति तथा दुर्गम क्षेत्रका हुने छन्

□ सबै क्षेत्रको सहभागिताको सुनिश्चितताको लागि प्रत्येक प्रदेशवाट २ जना कानून व्यवसायीहरुको छनौट सुनिश्चित गरिने छ।

**कार्यक्रमको अवधि**

कार्यक्रमको अवधी ६ महिनाको हुनेछ ।कार्यक्रममा सहभागी हुने प्रशिक्षार्थी कानूनव्यवसायीले अनिवार्य रुपमा विहान १०.०० बजे देखि साँझ ५.०० बजे सम्म सक्रिय रुपमा सहभागी हुनुपर्नेछ।

कार्यक्रममा देहायका कुराहरु समावेश हुने छन् ।

- एक महिने आधारभूत तालिम ।
- साढे चार महिना विभिन्न ल फर्म तथा कानून र न्याय संग सम्वन्धित विभिन्न कार्यालयमा सीप तथा क्षमता विकासका लागि अभ्यासवृति
- अन्तिम २ हप्ता पुनतार्जगी तालिम

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं. २६१/०७८/०७६

मितिः २०७६।०१।२६

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

**सहभागीलाई उपलब्ध गराइने सुविधा**

- सहभागीहरुलाई मासिक रुपमा तोकिएको सुविधा उपलब्ध गराइने छ ।

**सहभागीको न्युनतम योग्यता**

- कानुनमा स्नातक उतीर्ण गरी अधिवक्ताको प्रमाणपत्र लिएको ३ वर्ष ननाघेको र उमेर ३२ वर्ष ननाघेको लक्षित वर्ग महिला, दलित, जनजाति, मधेशी, मुस्लिम, पिछडिएका वर्ग अपाङ्गता भएका व्यक्ति तथा दुर्गम क्षेत्र मध्ये कुनै एकको प्रतिनिधित्व गर्ने कानुन व्यवसायी हुनु पर्ने
- व्यवसायमा प्रवेश गरी व्यवसायलाई निरन्तरता दिदै आफ्नो क्षेत्र र वर्गको समग्र न्यायमा सहज पहुँचको लागि प्रतिवद्ध रहेको हुनुपर्ने ।
- प्रशिक्षण कार्यक्रम अवधिभर कार्यक्रमका नीति-नियममा रही सक्रिय सहभागिता सुनिश्चित गर्ने प्रतिवद्धता भएको हुनुपर्ने ।
- प्रशिक्षार्थि छनोट सम्बन्धमा नेवाएको निर्णय अन्तिम हुनेछ ।

**दरखास्तसाथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

- लिखित निवेदन (कुन समुहसँग सम्बन्धित र हाल परिवारको बसोबास खुल्ने गरि)
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपि
- व्यक्तिगत विवरण (Biodata)
- कानूनमा स्नातक उतीर्ण गरेको प्रमाण पत्र
- पासपोर्ट साईजको फोटो १ प्रती
- बढीमा एक पृष्ठको प्रशिक्षण लिन चाहनुको कारण (expression of interest)

**दरखास्त बुझाउने मिति र स्थान**

**मिति** : दरखास्त बुझाउने अन्तिम दिन: यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र ।

**स्थान** : नेपाल बार एशोसिएशनको कार्यालय रामशाहपथ काठमाडौंमा बुझाउन सकिनेछ ।

**दरखास्त** : **neba@nepalbar.org** इमेलमा पनि पठाउन सकिने छ।

२६।०१।२६

लीलामणि पौडेल
महासचिव
नेपाल बार एशोसिएशन